सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) १० जुलाई, २०२० | अङ्क १५

## ‘धरती मातालाई एक दिन’ कार्यक्रमको आयोजना



गत ७ जुलाईको दिन फामबङग्लो वाइल्ड लाइफ सेञ्चुरी अन्तर्गत गोलीटारमा धरती मातालाई एक दिन कार्यक्रम आयोजना गरियो। कार्यक्रममा मुख्य अतिथि रहनु भएका मुख्यमन्त्री श्री पि.एस.तामाङले प्रकृति भनेको मानव सभ्यताको मूल आधार हो। प्रकृतिलाई बचाउन सकेनौं भने मानव सभ्यता नै ध्वस्त भएर जानेछ भन्नुभयो। यस दिनमा प्रत्येक सिक्किमवासीले पर्यावरण संरक्षणको लागि प्रण गर्ने उहाँले अपील गर्नुभयो। सरकारले गत वर्षदेखि धरती माताको लागि एक दिन कार्यक्रम आयोजना गर्दैआएको छ। गत वर्ष यसै कार्यक्रमको अवसरमा अबउसो बर्षैपिच्छे ७ जुलाईको दिन धरती मातालाई एक दिन (ए डे फर मदर अर्थ) कार्यक्रम आयोजन गरिने मुख्यमन्त्रीले घोषणा गर्नुभएको थियो।

राज्य सरकारको वन, पर्यावरण एवं वन्यप्राणी प्रबन्धन विभागको तत्वावधानमा आयोजित उक्त कार्यक्रममा वन विभाग मन्त्री कर्मा लोडे लगायत अन्य मन्त्रीहरूको पनि विशेष उपस्थिति रहेको थियो।

यसअवसरमा मुख्यमन्त्रीले गोलीटारमा वन विभागद्वारा निर्माण गरिएका विभिन्न पूर्वाधारको अवलोकन गर्नुभयो भने ओपन एयर बायोडाइभर्सिटी थिएटरको विधिवत उद्घाटन साथै विरूवा संरक्षण एवम पर्यावरण पुरस्कार साथै विद्यार्थीहरूलाई लिएर विभागद्वारा आयोजना गरिएका विभिन्न प्रतियोगिताका विजेताहरूलाई पुरस्कार पनि प्रदान गर्नुभयो। आफ्नो सम्बोनमा मुख्यमन्त्रीले मानिसले प्लास्टिकको कम प्रयोग गर्ने, वरपर सर-सफाई गरेर एवं अनुशासित जीवन जिएर एक दिन होइन वर्षको ३६५ दिन नै पर्यावरणको संरक्षणमा समर्पित गर्न सकिने बताउनुभयो। पृथ्वी भनेको हाम्री आमा जस्तो हो। आमाको निम्ति किन एक दिन मात्र दिने-? हामीले पृथ्वीको निम्ति एक दिन होइन ३६५ दिन नै दिनुपर्छ, भन्नुभयो। प्रकृति भनेको मानव सभ्यताको मूल आधार हो, यसको संरक्षण नगरिए मानव सभ्यता नै ध्वस्त हुनसक्ने

रहल पृष्ठ २ मा..

## मन्त्रीद्वारा डेरी फार्म अनि सिक्किम मिल्क युनियन डेरी प्लान्टको निरीक्षण भ्रमण



कृषि बागवानी, पशुपालन एवं पशु चिकित्सा सेवा तथा सूचना एवं जनसम्पर्क विभाग मन्त्री श्री लोकनाथ शर्मा‌ले दक्षिण जिल्लाको कर्फेकटारस्थित डेरी फार्म अनि सिक्किम मिल्क युनियन डेरी प्लान्टको निरीक्षण गर्नुभयो। मन्त्रीले डेरी फार्म परिसरको पूर्ण निरीक्षण गर्नुभयो यस अवसरमा उहाँसित कर्फेकटारका उपनिर्देशक डा. फुर्बा लेप्चा, उप महाप्रबन्धक डा. एनके प्रधान लगायत अन्यको उपस्थिति रहेको थियो। फार्म सञ्चालनको जायजा लिँनुहुँदै मन्त्रीले फार्ममा पशुधनको संख्या, चारोको अवस्था, सुँगुर र कुखुरा खेती साथै जिल्लामा भविष्यमा यसको स्कोपबारे जानकारी लिनुभयो। मन्त्री श्री शर्माले डेरी फार्म परिसरमा रहेको गोरू पालनको छाहारीको पनि जायजा लिनुभयो जहाँ उहाँलाई फार्ममा रहेका गाईको आहारको खेती र वितरणको बारेमा जानकारी गराइयो। उहाँले फार्मका कर्मचारीहरूसित अन्तरक्रिया गर्नुभयो जस अवसरमा उनीहरूले मन्त्रीसमक्ष मानव शक्तिको कमी, आवश्यक उपकरण र पूर्वाधारको मरम्मतको आवश्यकताबारे अवगत गराए। मन्त्रीले कर्फेकटारस्थित सिक्किम मिल्क युनियनको क्षेत्रीय कार्यालयको पनि निरीक्षण गर्नुहुँदै यहाँका अधिकारी एवं कर्मचारीसित अन्तरक्रिया गर्नुभयो। यस अवसरमा उपस्थित उप महाप्रबन्धक डा. एनके प्रधानले प्लान्टबाट भएको सफलताबारे अन्तरक्रियाको क्रममा मन्त्रीलाई जानकारी गराउनुभयो।

## आयुष्मान भारत अनि सिक्किम मणिपाल स्वास्थ्य सुरक्षा बीमा कार्ड वितरण



गान्तोक, ८ जुलाई ।

गान्तोकस्थित सम्मान भवनमा प्रधानमन्त्री जन आरोग्य योजना स्वास्थ्य बीमा कार्ड अनि सिक्किम मणिपाल स्वास्थ्य सुरक्षा स्वाथ्य बीमा कार्ड विरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राज्य सरकारले स्वास्थ्य क्षेत्रलाई शीर्ष प्राथमिकता दिँदै राज्यवासीलाई अधिक स्वास्थ्य सुविधा उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको छ भन्नुभयो । मुख्य अतिथिको रूपमा उपस्थित मुख्यमन्त्री प्रेमसिंह तामाङले कार्यक्रममार्फत यी स्वास्थ्य बीमा कार्ड राज्यका लाभार्थीहरूलाई हस्तान्तरण गर्नुभयो।

आफ्नो संक्षिप्त सम्बोधनमा मुख्यमन्त्रीले राज्य अनि केन्द्र सरकारद्वारा उपलब्ध गराइएका यी स्वास्थ्य सुविधाबारे राज्यका प्रत्येक कुनामा रहेका आर्थिक विपन्न वर्गका मानिसहरूले यसको फाइदा उठाउनुसकेस् भन्ने उल्लेख गर्दै तृणमूल स्तरमा यस योजनाबारे सचेत फैलाउनपर्ने कुरामाथि जोर दिनुभयो। दुःख-बिमारीको समयमा आइपर्ने आपतकालीन अवस्थाको बोझ कम गर्न साथै गरीबी रेखामुनिका मानिसहरूलाई सहयोग साथै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन योजनाको मुख्य उद्देश्य रहेको मुख्यमन्त्रीले थप बताउँनुभयो। राज्य सरकारले स्वास्थ्य क्षेत्रलाई शीर्ष प्राथमिकता दिइरहेको कुरा दोहोऱ्याउँनुहुँदै राज्यवासीलाई अधिक स्वास्थ्य सुविधा उपलबाध गराउने मुख्यमन्त्रीले बताउनुभयो। राज्यका सीओआई अर्थात् डोमिसियधारीले

रहल पृष्ठ २ मा....

## गेजिङमा धरती मातालाई एक दिन एक दिन कार्यक्रम आयोजना

गत ७ जुलाईको दिन गेजिङ बर्मेक क्षेत्रको बर्मेकमा विभिन्न प्रजातिका विरूवा रोपेर धरती मातालाई एक दिन कार्यक्रम पालन गरियो। विद्युत एवं उर्जा विभाग मन्त्री एम.एन शेर्पा मुख्य अतिथि रहेको कार्यक्रममा क्षेत्र विधायक एवं मन्त्री लोकनाथ शर्मा, सिक्किम राज्य ब्याङ्कका अध्यक्ष डीबी गुरूङ, जिल्लापाल कर्मा आर बोन्पो, वरिष्ठ पुलिस अधिक्षक लगायत अन्यको उपस्थिति थियो। यहाँको रातोमाटेदेखि बर्मेकसम्म दुई किलोमिटर सडकको छेउमा विभिन्न प्रजातिका विरूवा रोपियो। विरूवा रोपणपछि बर्मेक सामुदायिक भवनमा सम्पन्न कार्यक्रममा वन विभागद्वारा यस जिल्लाका पर्यावरणीय विकास समिति (ईडीसी)-हरूलाई फोटोकपी मसिन तथा अन्य विभिन्न सामग्री वितरण गरियो। मुख्य अतिथि एमएन शेर्पाले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पर्यावरणको क्षेत्रमा हामी सबै सचेत बनेर समयमा नै उचित कदम चाल्नुपर्छ। यस कुरालाई मध्यनजर गर्दै वर्तमान सरकारले यो कार्यक्रमको शुरूवात गरेको

रहल पृष्ठ २ मा....

## धरती मातालाई एक दिन .......





उहाँले बताउनुभयो। यसमा हालको समय भाइरसलाई उहाँले उदाहरणको रूपमा अघि सार्नुभयो। प्रकृतिले चाह्यो भने सबै कुरा ध्वस्त पार्छ, उहाँले भन्नुभयो। कोरोना सङ्कटकै विषयमा बोल्नुहुँदै मुख्यमन्त्रीले लकडाउन गर्नले आर्थिक गतिविधिमा प्रभाव पर्ने हुनाले यो रोगसँगै लड्दै हामी विकासको दिशामा अघि बढ्नुपर्ने हुन्छ, उहाँले भन्नुभयो। अब सरकारले रम्फू चेकपोस्टबाट राज्यभित्र छिर्ने प्रत्येक नागरिकको चेकपोस्टमा नै निःशुल्क एन्टीजेन टेस्ट गर्ने घोषणा गर्नुभयो। राज्यमा अहिलेसम्म १२७ कोरोना सङ्क्रमित मध्ये ६५ जनालाई निको बनाउन सफल भएको कुरा उल्लेख गर्नुहुँदै अहिलेसम्म सिक्किममा कुनै पनि कोरोना सङ्क्रमितलाई अक्सिजन चढाउनुपर्ने स्थिति सिर्जना नभएको बताउनुभयो। राज्यलाई केन्द्र सरकारबाट ९ करोड ५४ लाख रूपियाँ सहयोग राशि प्राप्त भएको थियो। ती मध्ये २ करोड सोझै बृद्धभत्ताको खातामा आएको उहाँले बताउनुभयो। अर्कोतिर राज्य सरकारले राज्यवासीलाई १६ करोड़को राशन मात्र वितरण गरिसकेको जानकारी गराउनुभयो। मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा सिक्किमका कृषकहरुलाई सशक्त र आत्मनिर्भर बनाउन सरकारले थप योजनाहरु तयार गरिरहेको बताउँनुहुँदै विशेष गरेर दुध उत्पादनलाई प्राथमिकता दिएर काम गरिरहेको उहाँले बताउनुभयो।

राज्य सरकारले सम्भवः आगामी २७ जुलाई चालक दिवसको दिन राज्यका चालकहरूलाई कोरोना सङ्कटकालको राहत राशि प्रदान गर्ने पनि जानकारी गराउनुभयो।

## सेनानायक कार्यालय, दोस्रो भारतीय रिजर्व बटालियन, पिप्पले, पश्चिम सिक्किम

ई-मेल coirb2sikkimpolice.nic.in



दोस्रो भारतीय रिजर्व बटालियन, पिप्पले, पश्चिम सिक्किम ७३७१२१ संख्या २०६/सीआो/दोस्रो आईआरबीएन/२०२० पिप्पलेको दोस्रो आईआरबीएन-का कनस्टेबल पीसी आईआर १२०४७१ रवीन गुरुङ जो निलम्बित थिए अनि डीई-को शुरूवातदेखि २१/०३/२०२०-बाट नै अनुपस्थित थिए साथै उनको ठेगाना थाहा लागेको छैन। उनलाई यो सूचना प्रकाशित भएको दश दिन भित्रमा बीएचक्यू, पिप्पलेमा रिपोर्ट गर्ने निर्देश दिइन्छ। तोकिएको दिनसम्ममा उपस्थित हुन नसकेको खण्डमा उनी विरूद्ध सिक्किम पुलिस बल (अनुशासन अनि अपील) नियम, १९८९-मा निर्धारित प्रावधानअनुरूप अनुशासनात्मक कार्यवाही गरिनेछ। उनका सबै साथी, आफन्तजन अनि शुभचिन्तकहरूसित यो नोटिसमा रहेको जानकारी उनीसम्म पुऱ्याउने अनि उनलाई तत्काल आफ्नो नोकरीमा रिपोर्ट गर्ने सल्लाह दिन अनुरोध गरिन्छ।

सेनानायक, दोस्रो भारतीय रिजर्व बटालियन, पिप्पले, पश्चिम सिक्किम।

आर.ओ. संख्या /३६ /आइपीआर/ पीयूबी सीएलसी/२०-२१ मिति-०६/०७/२०

# परिवहनका अधिकांश सेवालाई अनलाइन बनाउन विभाग कटिबद्धः सचिव बस्नेत



कोरोना भाइरसले एकातिर विश्वभरि नै जनजीवन अस्तव्यस्त बनाएको छ भने अर्कोतिर यसले अवसर पनि सिर्जना गरेको छ। यसै क्रममा लकडाउन र सामाजिक दुरी जस्ता नियम कानूनको कारण कार्यालय धाएर आफ्नो काम बनाउन नसकिरहेका उपभोक्ताहरूलाई सुविधा प्रदान गर्न सिक्किम सरकारको परिवहन विभागले ई-सेवालाई सशक्त बनाएको छ। विभागले घैरैवटा सेवालाई अनलाइन गरेको छ भने रहल सेवाहरूलाई पनि यसरी नै अनलाइन गर्ने दिशामा तीव्रगतिमा काम भइरहेको छ। यसरी आवश्यक सेवाहरूलाई अनलाइन बनाउँदा विभागको राजस्वमा वृद्धि हुनको साथै पारदर्शिता पनि बढ्हेर गएको छ। गत २ जून-को दिन परिवहन विभागका सचिव राजु बस्नेतले विभागले अहिलेसम्म शुरु गरेका विभिन्न ई-सेवाबारे जानकारी गराउँनुहुँदै सर्वसाधारणलाई यसको सक्दो फाइदा उठाउने अपील पनि गर्नुभएका छन्।

कोभिड १९ सङ्क्रमणकालमा लकडाउनु, सामाजिक दूरी आदि नियमका कारण विभागले उपभोक्ताहरूलाई कतिपय सेवाहरू प्रदान गर्न नसकिरहेको अवस्थामा उपभोक्ताहरूको सुविधाको निम्ति नेशनल इन्फरमेटिक्स सेन्टर (एनआइसी) र सिक्किम सरकारको आईटी विभागको सहयागोमा मोटर भेहिकल र एसएनटी-ले ई-सेवाहरू शुरु गरेको उनले बताउँनुभयो। 'हामीले सबैभन्दा पहिले विभागका विभिन्न कर भुक्तानलाई अनलाइन गरेका थियौं। त्यसमा जनसहभागिता अत्यन्तै उत्साहजनक रहेको छ। जून महिनासम्ममा कूल कर सङ्ग्रहको ८० प्रतिशत अनलाइन भएको छ। यस अवधि विभागमा १.७८ करोड़ रपियाँ राजस्व सङ्ग्रह भएको थियो जसमा ८७.६७ प्रतिशत अनलाइनबाट भएको हो', उहाँले भन्नुभयो। यसरी अनलाइन सेवा शुरु गरेपछि विभागको राजस्व सङ्ग्रहमा ५० प्रतिशत वृद्धि भएको पनि उहाँले बताउँनुभयो। विभागले मोबाइल एप पनि बनाएको सचिव बस्नेतले जानकारी गराउँनुभयो

'अनलाइन सेवाले एकातिर विभागको राजस्व वृद्धि गरेको छ भने अर्कोतिर विभागको काममा पारदर्शिता पनि बढ्हेर गएको छ।

पहिले कतिपय काममा धोकाधड़ी पनि हुने गर्दथियो। तर, अनलाइ सेवा शुरु भएपछि यो बन्द भएको छ। अनलाइन सेवामा उपभोक्ताहरूबाट सङ्ग्रह भएको सबै राशि सुरक्षित ढङ्गमा सोझै सरकारको खजानामा जान्छ', सचिव बस्नेतले भन्नुभयो। अनलाइन सेवाले विभागको काम सहज भएको छ भने उपभोक्ताहरूलाई पनि सुविधा भएको उनले बताए। उपभोक्ताहरूले आफ्नो काम बनाउन कार्यालय र टेबल-टेबल धाउनु पर्दैन। विभागले आगामी दिनमा ब्याङ्कसित सम्बन्धित विभिन्न काम पनि अनलाइन नै गर्नसक्ने व्यवस्था बनाउनेछ। यसरी नै डुप्लिकेट रेजिस्ट्रेशन सर्टिफिकेट, टेम्पोरेरी तथा स्पेश्यल पर्मिट आदि पनि घरबाटनै बनाउन सकिन्छ। यसरी नै लर्नर लाइसेन्सको निम्ति अनलाइन नै फारम भर्ने व्यवस्था गरिएको छ भने ड्राइभिङ लाइसेन्सको निम्ति ट्रायलको समय सुनिश्च गर्ने व्यवस्था केही दिनमा नै गरिनेछ', उहाँले भन्नुभयो।

यसरी नै उपभोक्ताहरूसित कुनै प्रकारको गुनासो छ भने त्यसलाई पनि अनलाइन विभागसमक्ष राख्न चाँड़ै वेबसाइटमा सम्बन्धित अधिकारीहरूको सम्पर्क नम्बर उपलब्ध गराइने पनि सचिव बस्नेतले बताउँनुभयो। यसरी नै एसएनटी-ले पनि ई-सेवाहरू शुरु गरेको जानकारी गराउँनुहुँदै रम्फू र मल्ली चेक पोस्टमा सुपरभिजन चार्ज अनलाइन भुक्तान गर्न सकिने सचिव राजु बस्नेतले बताउँनुभयो। यसको साथै केही दिनमा एसएनटी बस बुकिङ पनि अनलाइन गरिने उनले जानकारी दिनुभयो। पछिल्ला केही समय यता यसरी विभागमा अनलाइन सेवालाई सशक्त बनाउने काम द्रुत गतिमा भइरहेको छ भन्दै यसको निम्ति राज्य सरकारको राजनीतिक इच्छाशक्ति र अधिकारीहरूको कार्यकुशलता दुवै जिम्मेवार रहेको उनले बताए। विशेष गरेर मुख्यमन्त्री प्रेमसिंह तामाङ र मन्त्री सञ्जित खरेलबाट पूर्ण सहयोग पाइरहेको सचिव बस्नेतले बताउँनुभयो। 'यी सबै सेवा सर्वसाधरणको सुविधाको निम्ति गरिएको हो। यसैले यी सबै सेवालाई सक्दो उपयोग गरेर फाइदा उठाउने अपील गर्न चाहन्छु', उहाँले भन्नुभयो।एउटा प्रश्नको जवाफमा सचिव बस्नेतले विभिन्न आवश्यक औपचारिक्ता पूरा गर्नुपरेको यस आपातकालमा चालकहरूलाई सहयोग प्रदान गर्ने सरकारको वाचा पूरा गर्न केही ढिलाई भइरहेको बताउँनुभयो। अहिलेसम्म विभागले कूल ७२७४ जना चालकहरूको सबै आवश्यक दस्तावेजको छानबिन गरेर पहिलो सूची सरकारलाई बुझाइसकेको जानकारी गराउँनुहुँदै चाँड़ै उनीहरूलाई सहयोग राशि प्रदान गरिने कुरा पनि उहाँले बताउँनुभयो।

### गेजिङमा धरती माताको ....

हो भन्नुभयो। यस ठाउमा विजुलीको अधिक समस्य रहेको अनि नागरिकले चौबीसै घण्टा विजुली नपाएको गुनासो रहेको कारण आज आफ्नो विभागका सबै अधिकारीवर्गलाई साथमा लिएर आएको उहाँले बताउँनुभयो।

क्षेत्र विधायक तथा मन्त्री लोकनाथ शर्माले आजसम्म हुननसकेको काम वर्तमान सरकारले गेरर उदाहरण पेश गरेको छ भनी बताउँनुभयो। विद्युत विभागका मन्त्री स्वयं विभागको सबै टोली लिएर गाउँ-बस्तिमा आउनु भनेको एउटा इतिहास हो, जुन कुरा अहिलेसम्म भएको थिएन,उहाँले भन्नुभयो। केवल आश्वासन दिनेमात्र नभएर यथार्थमा काम गर्ने सरकार भएको कारण चरणबद्ध रूपमा जनताका माग पूरा गर्ने मन्त्री शर्माले उपस्थित



सबैलाई बताउँनुभयो। आज रोपीएका फल-फूल र अन्य विभिन्न प्रजातिका विरूवाको रेखदेख वार्ड कार्यकर्ताले गर्नुपर्ने बताउँनुहुँदै विरूवा सही ढङ्गमा हुर्काउने वार्डलाई आफ्नो तर्फबाट पुरस्कार दिने पनि मन्त्रीले घोषणा गर्नुभयो।

विद्युत विभागका मन्त्रीले प्रत्येक वार्डका जनताको गुनासो सुनेपछि तत्काल विभागीय अधिकारीगणलाई समस्यको समाधान गर्ने आदेश दिनुभयो।

अभियन्ताहरूलाई गाउँ-गाउँ गएर जाँच गर्दै देखा परेको कुनै पनि समस्या विभागमा लिएर आउने निर्देश मन्त्रीले दिनुभयो।

# कोरोना कसरी सर्छ, कसरी सर्दैन ? यस्ता छन् अनुसन्धानका नयाँ निष्कर्ष

*डा. रवीन्द्र पाण्डे*

कोरोना भाइरस संक्रमणको समय बित्दै जाँदा धेरै अनुसन्धान भइरहेका छन् । यी अनुसन्धानका कारण पुराना मान्यताहरू विस्थापित भएर नयाँ मान्यताहरू स्थापित भएका छन् । कोरोना कसरी सर्छ ? यसको उपचार के छ ? रोकथाम कसरी गर्न सकिन्छ ? लगायतका विषयमा नयाँ अनुसन्धान भइरहेको छ । हामीले नयाँ तथ्यको जानकारी लिने बानीको विकास गर्ने हो भने तदनुसार सुरक्षित हुने उपाय प्रभावकारी हुन्छ । तसर्थ यो आलेखमा विश्वका विभिन्न मुलुकमा भएका अनुसन्धानको निचोड प्रस्तुत गरेको छु।

शुरूमा फलफूल, तरकारी, खाद्य पदार्थ, पैसा आदिबाट कोरोना सर्छ भन्ने मान्यता थियो । अमेरिकाको उच्छ ले गरेको अनुसन्धानअनुसार सामान्य सतर्कता अपनाउने हो भने खाधान्नबाट कोरोना संक्रमण सर्दैन । त्यस्तै संक्रमित सतहबाट सामान्यतया कोरोना संक्रमण सर्दैन । व्यक्ति आमनेसामने भएर लामो समय कुरा गर्दा, भीडभाडमा जाँदा, भेन्टिलेसन नभएको कोठा वा हलमा कन्सर्ट, नाचगान, भोजभतेर, सेमिनार आदि गर्दा कोभिड १९ सर्ने ठूलो सम्भावना हुन्छ । अर्थात् खुला ठाउँमा कोरोना संक्रमण सर्ने सम्भावना कम हुन्छ।

– १५ मिनेटभन्दा धेरै असुरक्षित किसिमले कुनै पनि व्यक्तिसंग ६ फिट नजिक रहेर कुरा गर्दा सर्छ । खोकी तथा छ्युँ गरे छिटो सर्छ ।

– जति लामो समय अरूसँग कुराकानी गरिन्छ, जति नजिक बसेर कुरा गरिन्छ तथा जति बढी व्यक्तिसँग कुरा गरिन्छ, कोरोना संक्रमण हुने सम्भावना त्यति धेरै हुन्छ ।

– लन्डन स्कूल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनले गरेको अध्ययनअनुसार सबै संक्रमित व्यक्तिले रोग सार्न सक्दैनन् । कोरोना संक्रमितमध्ये १०–२० % ले अन्य ८०–९० % लाई संक्रमण सार्न सक्छन् भनिएको छ । विश्वका विभिन्न चर्च, नाइट क्लब, कन्सर्ट हल, मासु प्याकिङ केन्द्र आदिमा १ जना व्यक्तिले धेरै व्यक्तिलाई संक्रमण सारेको उदाहरण दिइएको छ । ती संक्रमण सार्ने व्यक्तिलाई सुपरस्प्रेडर भनिन्छ । हाल बेइजिंगमा पनि ५४ वर्षीय मासु वितरक सुपरस्प्रेडर भएर धेरै जनालाई कोरोना संक्रमण सारेको बताइएको छ ।

– खोक्ने, कुरा गर्ने तथा श्वास फेर्ने काममा विभिन्न आकारका ड्रपलेट सिर्जना गर्छ । त्यहाँबाट उत्सर्जन भएका भाइरसको लोड बढ्दै जाँदा संक्रमण हुन्छ । यो भाइरसले हाम्रो स्वाशप्रश्वास मार्गमा रहेका -CE receptors लाई प्रयोग गरेर कोषभित्र प्रवेश गर्छन् अनि बढ्दै जान्छन्।

– सिंगापुरमा भएको अध्ययन अनुसार कोरोना संक्रमितले संक्रमण भएको ११ दिनपछि परीक्षणमा पोजिटिभ देखिएपनि अन्य व्यक्तिलाई कोरोना संक्रमण सार्न सक्दैन । यही अध्ययनको आधारमा थक्ज ले २ हप्तामा आइसोलेसनमुक्त हुँदा पीसीआर परीक्षण गर्नु नपर्ने भनेको छ । यो तथ्य विवादित बनेको छ । यसरी डिस्चार्ज गरिएका धेरै व्यक्तिले अन्यलाई संक्रमण सारेको तथा डिस्चार्ज भएका व्यक्तिको मृत्यु पनि भएको छ । यसले देखाएको छ कि देश, काल र परिस्थितिअनुसार आइसोलेसनको अवधि र परीक्षण जरुरी हुन्छ ।

– लक्षणविहीन कोरोना संक्रमित बिरामीले अन्य व्यक्तिलाई संक्रमण सर्न नसक्ने भनेर थक्ज ले भनेको कुरालाई विश्वका घटना र विज्ञहरूले आलोचना गरेका छन् । ह्वाइट हाउसका वैज्ञानिक एन्थोनी फाउचीले पनि यसको खण्डन गरेका छन् । अमेरिकामा २५–४० % लक्षणविहीन संक्रमित भएको, डाइमन्ड प्रिन्स क्रुजमा पनि लक्षणविहीन संक्रमित भएको, आइसल्याण्डमा ५०% संक्रमित लक्षणविहीन भएको तथा हाल दक्षिण एसियामा करीब ७५ % लक्षणविहीन भएको र उनीहरूले एकअर्कालाई संक्रमण सारेका अनुसन्धानले प्रमाणित गरेका छन् ।

– कोरोना संक्रमणले श्वास मार्गमा मात्र नभएर आमासय तथा आन्द्रामा पनि असर गर्छ । ४००० बिरामीमा गरिएको एक अनुसन्धानमा ७.५ % संक्रमितलाई पखाला र ४.६ % संक्रमितलाई वाकवाकी तथा बान्ता भएको थियो भने स्टुल टेस्टमा ठछ– ५४० जना मध्ये २९१ जना ( ५३. ९ % ) पोजिटिभ देखिएको थियो । कुनै पनि सहरमा कोरोना संक्रमण आउटब्रेक अर्को हप्ता हुन्छ कि हुँदैन भनेर ढलको फोहोरलाई परीक्षण गरेमा अनुमान गर्न सकिने केही अध्ययनले जनाएका छन्।

– कोरोना संक्रमणले मुख्य रूपमा फोक्सोलाई असर गर्दछ । त्योबाहेक किड्नी, मुटु, कलेजो, मस्तिष्क, स्नायु, रक्तनली आदिलाई पनि असर गर्दछ । फोक्सोमा भाइरल निमोनिया भएर भेन्टिलेटरमा बसेका व्यक्तिमा पछि गएर पनि समस्या देखिने केही वैज्ञानिकको दावी छ ।

– कोरोना संक्रमणको उपचारमा इबोलाको औषधि, जापानिज इन्फ्लुएन्जाको औषधि, मलेरियाको औषधि, डेक्सामेथासोन लगायतका धेरै औषधि प्रभावकारी देखिएका छन् । कोभिड– १९ विरुद्धको खोप यही वर्ष आउने धेरै देशले दाबी गरेका छन् । चीन, बेलायत, रुस, इटली, अमेरिकालगायत देशले ६ महिनाभित्र खोप आउने दाबी गरेका छन् । खोप तथा संक्रमणबाट प्राप्त इम्युनिटी नै कोरोना नियन्त्रणका प्रमुख उपाय हुन्।

**कोरोना संक्रमण रोकथामको लागि के गर्ने ?**

कोरोना संक्रमणको ठोस औषधि नभएको तथा खोप कहिले पत्ता लाग्छ भन्ने निश्चित नभएको हुनाले यो रोगबाट बँच्नुको विकल्प छैन । यसका लागि हामी सबैले घरबाहिर निस्किँदा सधैँ सही तरिकाले मास्क लगाउने, ६ फिटको व्यक्तिगत दुरी कायम गर्ने तथा नियमित रूपमा हात धुने अभ्यासलाई जीवनशैलीको रूपमा अपनाउनु पर्दछ । अनुहार, सम्बन्ध, भूगोल आदि हेरेर को संक्रमित छ, को संक्रमित छैन भनेर पता लगाउन सकिँदैन, तसर्थ हरेक व्यक्तिसँग दुरी कायम राख्नु अनिवार्य छ ।

– सरकारी तथा नीजी कार्यालय, सेवाप्रदायक संस्थाले ( बैंक, मालपोत, बिल तिर्ने ठाउँ, कर तिर्ने ठाउँ, अस्पताल लगायत ) भीडभाड कम गर्नका लागि **डिजिटल सर्भिस** दिने तथा फोन वा इन्टरनेटबाट समय लिने, आफ्नो पालोमा मात्र जाने जस्ता नियम लगाउनुपर्छ ।

– काम गर्ने ठाउँमा झ्यालढोका खोल्ने तथा उचित भेन्टिलेसनको व्यवस्था गर्नु पर्दछ । हावालाई फोर्स गरेर सिलिङतिर धकेल्ने अनि पम्पिङ गरेर बाहिर पठाउने, कोठा वा हलमा ताजा हावा प्रवेश गर्ने धेरै मार्ग बनाउनु पर्दछ।

– जोखिमको जानकारी लिने अनि त्यसलाई त्याग गर्नु सबैभन्दा प्रभावकारी उपाय हो ।

– हामीले सतह र प्रयोग गर्ने सामानलाई संक्रमणरहित बनाउन ठूलो मेहेनत र खर्च गर्नु जरुरी छैन किनकि यिनीहरूबाट धेरै जोखिम हुँदैन ।

– ग्राहक बस्ने लबी, मिटिङ गर्ने ठाउँ, लकरको कोठा, सेक्युरिटी चेक गर्ने ठाउँ, मुख्य गेट तथा लिफ्टमा विशेष सुरक्षा सतर्कता अपनाउनु जरुरी छ ।

– एकैपटक धेरै ग्राहक भित्र आउँदा सेक्युरिटी चेक गर्न टाइम लाग्छ, त्यहा मान्छेको भीड नगर्नको लागि बाहिरदेखि नै शतर्कता अपनाउनुपर्दछ।

– अमेरिकामा मुटुको रोग, मधुमेह तथा दीर्घ फोक्सोको रोग भएका व्यक्तिलाई स्वस्थ व्यक्तिलाई भन्दा ६ गुणा धेरै अस्पताल बस्नुपर्ने तथा स्वस्थ्य व्यक्तिभन्दा १२ गुणा बढी मृत्यु हुनसक्ने बताइएको छ । त्यस्तै न्यून आय भएका तथा गरीब देशका जनताले व्यक्तिगत दुरी कायम गर्न गाह्रो हुने तथा स्वास्थ्य सेवा गुणस्तरीय नहुने भएकोले मृत्युदर बढी हुने जनाइएको छ । तसर्थ जेष्ठ नागरिक, दीर्घबिरामी तथा इम्युनसम्बन्धी समस्या भएका व्यक्ति घरमै बस्ने तथा घरभित्र पनि अन्य परिवारजनसँग व्यक्तिगत दूरी कायम गर्नुपर्दछ ।

– संसारका विभिन्न देशमा भएको अध्ययनले के देखाएको छ भने अधिकांश संक्रमितको मृत्यु बिहान ३– ५ बजेसम्म भएको छ । त्यो समयमा संक्रमितलाई विशेष ख्याल गर्नुपर्ने जनाइएको छ ।

– अहिले संसारका अधिकांश व्यक्तिलाई यो भाइरसको बारेमा धेरैथोरै जानकारी छ, बच्ने उपाय थाहा छ तथा मास्क, पीपीई, पञ्जा, स्यानिटाइजर, डिसइन्फेक्टान्ट आदिको उपलब्धता छ। क्वारेन्टाइन तथा आइसोलेसनले संक्रमण सीमित गराएको छ ।

– भिटामिन डि हड्डी तथा मांशपेशीलाई बलियो बनाउन, डिप्रेसनलाई न्यूनीकरण गर्न तथा रोगप्रतिरोधात्मक क्षमता बढाउनका लागि निकै उपयोगी हुन्छ । नर्थ वेस्ट युनिभर्सिटीले गरेको अनुसन्धानअनुसार चीन, इटली, कोरिया, इरान, स्पेन, स्विट्जरल्यान्ड, बेलायत, अमेरिकालगायतमा गरिएको अनुसन्धानमा भिटामिन डी–को कमी भएका संक्रमितको मृत्युदर उच्च देखिएको छ । जोन्स हप्किन्स युनिभर्सिटीमा भएको अध्ययनमा पनि भिटामिन डी–को सप्लिमेन्ट सेवन गरेका कोरोना संक्रमितको मृत्युदर न्यून देखिएको छ । घाम ताप्ने बानी भएमा भिटामिन डी को कमी हुँदैन ।

– रोगप्रतिरोधात्मक क्षमता बढाउनका लागि ताजा तथा पोषिलो खाना, व्यायाम, पर्याप्त निद्रा, तनाव व्यवस्थापन, सकारात्मक सोंच तथा भिटामिन सी, जिंक, भिटामिन बी १२ देखि गुर्जो, अश्वगन्धा, अमला, कागती, तुलसी, दालचिनी, अदुवा, बेसार, मरिच, मह लगायतका सप्लिमेन्टको प्रयोग धेरै प्रभावकारी देखिएको छ ।

– इटलीमा भएको अध्ययनले कोरोना भाइरस कमजोर भएको तथा यसबाट जोखिमको सम्भावना घटेको बताएको छ ।

– सरकार र जनता सतर्क नहुँदा ब्राजिलको नियति भोग्नुपर्ने अवस्था आउँछ। तसर्थ हामी नागरिकले कोरोना भाइरसबाट बच्नका लागि हरसम्भव उपाय अपनाउनु आवश्यक छ ।

– अन्य देशको कोरोना संक्रमणसँग नेपालको अवस्था मिल्दो छैन। हालको तथ्यांक हेर्दा नेपालमा कोरोना संक्रमणको मृत्युदर ०.२ % मात्र छ अर्थात् संक्रमित १००० मा करीब २ जनाको मात्र मृत्यु भएको छ । यसलाई अझै विश्लेषण गर्ने हो भने ती मृत्युमध्ये ५० % मृत्यु कोरोना संक्रमण नभएको भएपनि हुने अवस्थाका छन् । त्यस्तै परीक्षणमा नसमेटिएकालाई गणना गर्ने हो भने मृत्युदर नगण्य हुन आउँछ ।

– मुस्ताङका ८३ वर्षीय संक्रमित निको हुनुभएको छ । धेरै जेष्ठ नागरिक तथा दीर्घबिरामीले पनि सामान्य रूपमा कोरोना संक्रमणलाई पराजित गर्नुभएको छ । हामीले उच्च मनोबल राख्यौं भने चिन्ता, तनाब, फ्रस्टेसन तथा डिप्रेसन हुँदैन । संक्रमण समुदायमा व्यापक नभएको र बाहिरबाट आउने व्यक्तिमा मात्र परीक्षण सीमित भएको हुँदा नेपालको वास्तविक संक्रमण बाहिर आउन सकेको छैन । जति धेरै परीक्षण बढाइन्छ, त्यति धेरै रोग नियन्त्रण हुने सम्भावना हुन्छ । हामी नागरिकले अनुशासन पूर्णरूपमा पालना गरेनौं भने लकडाउन गर्नुपर्ने हुन्छ । लकडाउनको कारण संसारमा करोडौं व्यक्ति संक्रमित हुनबाट बचे, हजारौं व्यक्तिको मृत्यु टर्यो । तसर्थ भोलि संक्रमण धेरै बढेमा लकडाउन तथा कर्फ्यु लगाउनु पर्ने हुनसक्छ । त्यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्दछ ।

कोरोनाभाइरस कमजोर भाइरस हो । यो भाइरसले ठाउँअनुसार फरकफरक असर देखाएको छ । तसर्थ हामीले कोरोना भाइरससँग 'लिभिङ टुगेदर' हैन 'लिभिङ सेप्रेट' गरेर आफ्ना काम सुचारू गर्नुको विकल्प छैन । यो नयाँ परिवेशको अभ्यासले हामीलाई शुरूमा अप्ठ्यारो महसूस भएपनि बिस्तारै बानी पर्दै जान्छ ।

साभार लोकान्तर

## इक्साहाङ लिम्बूले बनाए फुट सेनिटाइजर मसिन

रम्फू, ७ जुलाई। डुगा सरकारी माध्यमिक पाठशालाको कक्षा १०–का विद्यार्थी इक्साहाङ लिम्बूले कोभिड १९–को महामारीबीच जन स्वस्थ्य र जन सुरक्षाका निम्ति फुट सेनिटाइजर मसिन बनाएका छन्। लिम्बूसित मसिनबारे कुरा गर्दा सेनिटाइजर प्रयोगमा सरलतालाई ध्यानमा राखेर यो मसिन बनाउने प्रयास गरेको उनले बताए। लगभग पन्द्र सय रुपियाँ खर्च गरिएको यस मसिन बनाउनमा सोलार प्यानल, बेट्री, स्विच र प्लास्टिकको मोटो पाइप विशेष रूपमा प्रयोग गरिएको लिम्बूले बताए।

सेन्सरको प्रयोग गरेर यो मसिन चलाउन सजिलो हुने भए तापनि लकडाउनका कारण सेन्सर सिलगढीबाट मगाउनु समस्या परेको उनले बताए। इक्साहाङ लिम्बूले भने, यो मसिन अहिले सानो आकारमा बनाएको छ अनि जरूरत परेको खण्डमा यसलाई वृहत रूपमा बनाउन सकनेछ। नविन प्रतिभा पोकेका गाउँले केटो इक्साहाङ लिम्बुले यसबाहेक पनि घरमा अन्य विभिन्न प्रकारका मसिन बनाउने गरेका छन्। केही समयअघि उनी राज्यलाई प्रतिनिधित्व गर्दै कलकत्तामा आयोजित विज्ञान प्रदर्शनीमा सहभागिता जनाउन पुगेका थिए।

यो मसिन संसारमा पहिलो नभए पनि ग्रामीण भेकका एक किशोरद्वारा बनाइनु महान उपलब्धि हो। देशका प्रधानमन्त्री नरेन्द्र मोदीले आत्मनिर्भर भारतका साथै भोकल फर लोकल भनी दिएको नाराले सही अर्थ लागेको छ। यो फुट सेनिटाइजर मसिन रम्फू लोकल ट्याक्सी मालिक एवं चालक कल्याण संगठनद्वारा बाजारबीच जड़ान गरेर युवा प्रतिभालाई हौसला प्रदान गर्ने प्रयास गरेको छ।

**घरमै बसौं।**
**सुरक्षित रहौं।।**

# सेना, आईटीबीपी, एसएसबी तथा ग्रेफका वरिष्ठ अधिकारीहरूलाई लिएर बैठक सम्पन्न




मुख्य सचिव श्री एससी गुप्ताले सेना, आईटीबीपी, एसएसबी तथा ग्रेफका वरिष्ठ अधिकारीहरूलाई लिएर एक सभा डाक्नुभयो। सभा डाकिनुको मुख्य उद्देश्य विशेषगरी सेना तथा अर्धसैनिक बलमा कोभिड १९-को मामिलामा भएको वृद्धिको वर्तमान स्थितिबारे चर्चा गर्नु थियो।

मुख्य सचिवले सेनाद्वारा सिलगढ़ीमा मिलाएको एकान्तवास (क्वारेन्टाइन)-को प्रक्रियाबारे जानकारी माग्नुभयो। उहाँले मामिला चाडो पहिचान गरिने कुराको सुनिश्चित गर्न सकियोस अनि चिकित्सा टोलीद्वारा उपचारको प्रक्रिया तत्काल अघि बढाउन सकियोस भन्ने उद्देश्यले जाँचको गती बढाइनुपर्ने कुरामाथि जोर दिनुभयो। मुख्य सचिवले सुझाउ दिँदै भन्नुभयो कि सिलगढीस्थित एकान्तवासमा रहँदैगरेका प्रत्येकको जाँच १४ दिनको एकान्तवास पूरा भएपछि गर्नको साटो त्यहाँ रहन शुरू गरेको सात दिनदेखि नै थालिनुपर्छ। उहाँले सेना तथा अर्धसैनिक बललाई उनीहरू सिक्किम जान अघि नै तत्काल जाँच प्रक्रिया शुरू गर्ने सल्लाह दिनुभयो। उहाँले भन्नुभयो कि रम्फू चेकपोस्टमा एन्टीजेन जाँच शुरू भएपछि सेना तथा अर्धसैनिक बलको जाँच अनिवार्य रूपमा गरिनेछ। उहाँले यो पनि सुझाउ दिनुभयो कि सेना तथा अन्य बलका निम्ति नियमित रूपमा आवश्यक सामग्रीको ओसारपसारमा व्यस्त चालक तथा कर्मचारीको जाँच गरिनुपर्छ। मुख्य सचिवले राज्य वापस आउनेहरूका निम्ति मल्ली चेकपोस्ट बन्द गरिएको पनि जानकारी दिनुभएको छ। उहाँले सेनासित राज्य बाहिर जान अनि भित्र आउनको निम्ति रम्फू चेकपोस्टको प्रयोग गर्ने अनुरोध गर्नुभएको छ।

## आयुष्मान भारत....



गुणस्तरीय स्वास्थ्य सुविधा सेवाको उपभोग गर्न पाओस् भनेर राज्य सरकारले सेण्ट्रल रेफरल अस्पताल(मणिपाल)-मा रू-२०००-को बीमा गरिदिने मुख्यमन्त्रीले सूचित गर्नुभयो। उक्त योजना आगामी वर्ष पनि आर्थिक विपन्नहरूको निम्ति गरिदिने उहाँले अवगत गराउनुभयो। मानिसहरूले घरदैलोमा नै गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराउने मुख्यमन्त्रीले प्रतिबद्धता व्यक्त गर्नुभयो। आर्थिक रूपले कमजोर मानिसहरूको निम्ति स्वास्थ्य सुविधा हेतु मुख्यमन्त्री जीवन रक्षा कोष उपलब्ध रहेको मुख्यमन्त्रीले थप जानकारी गराउनुभयो।

जानकारी गराइन्छ, सिक्किम मणिपाल स्वास्थ्य सुरक्षा बीमा स्वास्थ्य सम्बन्धी विषयले उत्पन्न हुने वित्तीय अक्षमसँग मानिसहरू जुझ्न नपरोस् भनेर सिक्किम सरकारद्वारा प्रायोजित अनि सेन्ट्रल रेफरल अस्पताल (मणिपाल)-द्वारा शुरू गरिएको योजना हो। योजना अन्तर्गत सेण्ट्रल रेफरल अस्पताल (मणिपल)-को जनरल वार्डमा भर्ना भएकाहरूलाई रू १ लाखसम्मको खर्च बेहोर्नेछ। यसैगरि सातपटक निःशुल्क ओपीडी भिजिट अनि सिटी स्क्यान,एमआरआई लगायत अन्य जाँचहरूमा १० देखि ३० प्रतिशतसम्म छुट दिइन्छ। यस बीमा योजनामा परिवारका अधिकांश पाँचजना सदस्यलाई समावेश गर्नु सकिन्छ। सिक्किम मणिपाल स्वास्थ्य सुरक्षा बीमामा अहिलेसम्म १,२०२ परिवार अनि ४,९०० लाभार्थीहरूलाई यस योजनासँग आबद्ध रहेका छन्। यो योजना १ अप्रेल२०२०-देखि ३१ मार्च २०२१सम्म उपलब्ध रहनेछ। यसैगरि भारत सरकारद्वारा शुरू गरिएको आयुष्मान भारत प्रधानमन्त्री जनआरोग्य योजनाले प्रत्येक परिवारलाई प्रतिवर्ष प्राथमिक तहमा जटिल बिरामीहरूको निम्ति रू पाँच लाखसम्मको स्वास्थ्य बीमा सुविधा उपलब्ध गराउँछ। यस कार्यक्रममा विधानसभा उपाध्यक्ष,मन्त्रीगण, विधायकगण,मुख्यमन्त्रीका राजनीतिक सचिव, मणिपाल विश्वविद्यालयका उपकूलपति लगायत अन्यको उपस्थिति रहेको थियो।

# लिङ्गी जीपीयू-मा सिक्किमको दोस्रो सीड ब्याम शुरू

गान्तोक, ६ जुलाई। दक्षिण सिक्किमको लिङ्गी ग्राम पञ्चायत युनिटमा सिक्किमकै दोस्रो सीड ब्याम शुरु भएको छ। सिक्किम विश्वविद्यालयको जीव विज्ञान विभागका वरिष्ठ सहप्राध्यापक डा. भोजकुमार आचार्यको उपस्थितिमा सीड ब्याम शुरु गरिएको हो। विशेष गरेर स्थानीय क्षेत्रमा पाइने स्वदेशी प्रजातिका बीउ विजनको सुरक्षा र विकासको उद्देश्य राखेर यो सीड ब्याम शुरु गरिएको हो। यो ब्यामको माध्यमबाट स्थानीय क्षेत्रमा पाइने सबै प्रकारका स्वदेशी बीउ विजनलाई सीड ब्याममा संग्रह गर्नु अनि यसको माध्यमबाट इच्छुक मानिसलाई वितरण गरी त्यसको उब्जनीबाट बीउ विजनलाई बढ़ाउने उद्देश्य राखिएको छ।

यो ब्यामलाई वृहत रूपमा बढ़ाएर भविष्यमा स्थानीय क्षेत्रमा गरिने जुनै पनि खेतीका निम्ति बाहिरबाट बीउ विजनको आयात गर्नुनपरोस भन्ने लक्ष्य छ। सिक्किम विश्वविद्यालयले विभिन्न विषयहरूमा अनुसन्धान गरिरहेको छ। यसै क्रममा विश्वविद्यालयले अशोका ट्रस्ट फर रिसर्च इन इकोलोजी एण्ड इनवाइरोन्मेन्ट (एट्री)-ले दार्जीलिङ पहाड़ी क्षेत्र तथा सिक्किममा जैवविविधतासँग सम्बन्धित विभिन्न विषयहरूमाथि अनुसन्धान गरिरहेको छ। विश्वविद्यालयको यो अनुसन्धान कार्यलाई भारत सरकारको पर्यावरण वन अनि मौसम परिवर्तन मन्त्रालयले जीवी पन्त इन्स्टिट्यूट अफ हिमालयन इनवाइरोन्मेन्टको माध्यमबाट सहयोग पुर्याइरहेको छ। यही अनुसन्धान कार्यमा प्रमुख अन्वेषकको रूपमा रहेका डा.भोजकुमार आचार्यले स्वदेशी बीउ विजनलाई संरक्षण गर्ने कार्यलाई पनि आफ्नो अनुसन्धान टोलीको साथमा अघि बढ़ाइरहेका छन्। यसको फलस्वरूप पहिलो सीड ब्याम पश्चिम पाण्डाम निर्वाचन क्षेत्रमा शुरु भएको थियो भने दोस्रो सीड ब्याम लिङ्गी-सोक्पे ग्राम पञ्चायतमा शुरु गरिएको छ।

अवकाशप्राप्त शिक्षक एलएन कोइरालाको अध्यक्षतामा आयोजित कार्यक्रममा लिङ्गी-सोक्पे ग्राम पञ्चायतका पञ्चायत सभापति सोनाम पिन्सो लेप्चा, लिङ्गी सोक्पे जैव विविधता प्रबन्धन समितिका सदस्य सचिव दुर्गा प्रसाद शर्मा, डा.भोजकुमार आचार्य, सिक्किम विश्वविद्यालयका रिसर्च एसोसिएट डा. जीन्स भी जे, विश्वविद्यालयकै जीव विज्ञान विभागका पीएचडी स्कोलार विशाल ठकुरी लगायत स्थानीय कृषकहरूको उपस्थिति थियो।

कार्यक्रममा बोल्दै डा. भोजकुमार आचार्यले स्वदेशी बीउ विजनको संरक्षणसितै यसको दस्तावेजीकरण लगायत यीनै बीउ विजनको माध्यमबाट सिक्किमको भविष्यको खेतीलाई अघि बढ़ाउनुपर्ने आवश्यकता भएकाले सिक्किम विश्वविद्यालयले यो पहल शुरु गरेको जानकारी गाराए। उनले स्थानीय कृषकहरूलाई यसमा सहभागी बनेर काम गर्न आग्रह गरे। स्थानीय कृषकहरूले पनि यस विषयमा चासो देखाएपछि भीएलडब्ल्यू एसएन चापागाईंले स्थानीय कृषि केन्द्रमा उपलब्ध गराएको कोठामा सीड ब्याम शुरु गरिएको हो।

# उत्तरमा मनसूनसँग जुझ्न समन्वय बैठक

**मंगन, ७ जुलाई।**

उत्तर जिल्लाको निर्वाचन कार्यलयको सम्मेलन कक्षमा जिल्ला स्तरीय मनसुनबारे तयारी एवं समन्वय बैठक जिल्लाधीशको अध्यक्षतामा सम्पन्न भयो। बैठकको मुख्य उद्देश्य मनसून अवधि हुने प्राकृतिक प्रकोपसँग जुझ्न तयारीसँगै सतकर्ता रहेको थियो।

बैठककमा उत्तर जिल्लाका पुलिस अधीक्षक ओङ्मू भोटिया, अतिरिक्त जिल्लाधीश, महकुमा अधिकारीहरू, खण्ड विकास अधिकारीहरूसँग सम्बन्धित विभागीय प्रमुखहरू अनि टिस्टा ऊर्जा-५ ग्रेफ अनि आईटीबीपीका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

बैठकमा जिल्लाधीशले मनसूनबारे तयारीसँग पूर्व अनुभवहरूबारे संक्षिप्तमा जानकारी गराउनुभयो। उहाँले सम्बन्धित विभागहरू अवस्थासँग जुझ्न कसरी जिम्मेवार रहनुपर्छ भन्नेबारे बताउनुभयो। हालै बाढ फाट्दा आएको भेल, पैह्रो आदिले जिल्लाभरि प्रभाव पुऱ्याएको छ अनि अन्य जिल्ला सड़कसम्पर्क , शहरहरू अनि चार खण्डका गाउँहरू प्रभावित बनेको छ। यसबारेमा जिल्लाधीशले सम्बन्धित विभागलाई सधैं सतर्क रहनुपर्ने अनि कुनै पनि प्राकृतित आपदनासँग जुझ्न तयार रहनुपर्ने निर्देश दिनुभयो।

यसैगरि, समय नष्ट नगरी सतर्कता पहल गर्दै अगावै आवश्यक मशीन अनि उपकरणहरू पुऱ्याउनुपर्ने सम्बन्धित विभागलाई उहाँले सुझाउ दिनुभयो। उहाँले आपदासँग जुझ्न जिल्ला प्रशासन, जनकार्य विभाग,ग्रेफ निजी कम्पनी डीडीएमएमाझ समन्वय आवश्यक विषयबारे जोर दिनुभयो।

बैठकमा उत्तर जिल्लाका पुलिस अधीक्षक ओङ्मु भोटियाले मनसुन अवधि आइपर्ने आपदासँग जुझ्न सम्बन्धित विभागको भूमिका अनि जिम्मेवारीसँग एकार्कामा तालमेल राख्नुपर्ने विषयबारे मन्तव्य वक्यत गर्नुभयो। उहाँले निर्माणकार्यका एजेन्सीहरूलाई जिल्लामा कार्य गर्दा श्रमिकहरूले मास्क प्रयोग गर्नुपर्ने निर्देश दिनुभयो।

# धरती मातालाई एक दिन

धरती माताको लागि एकदिन कार्यक्रम अन्तर्गत ७ जुलाई को दिन राज्यभरि नै सात मिनटसम्म वाहनहरूको चलाचल ठप्प रह्यो।

राजधानी गान्तोकमा पनि ७ मिनट सम्म वाहनहरूको आवत-जावत बन्द गरिएको थियो। यसरी नै दक्षिण जिल्ला अन्तर्गत नाम्ची मुख्यालयमा पनि धरती माताको एक दिन कार्यक्रम अन्तर्गत दिउँसो ठीक ११ बजीदेखि ११ बजोर ७ मिनटसम्म यान वहानहरूको चलाचल पूर्णरूपमा ठप्प राखियो। यस कार्यलाई ट्राफिक पुलिसहरूले सहयोग पुऱ्याएका थिए। वाहन चालकहरू अनि आम मानिसहरूले पनि एक दिन धरती मातालाई कार्यक्रमलाई सफल बनाउन यान-वाहनहरूको आवत जावतलाई ७ मिनटसम्म रोकेर कार्यक्रम सफल बनाएका थिए।

विशेष गरेर राज्यमा प्रदुषण नियन्त्रण अनि कार्बन उत्सर्जनमा कमी ल्याउन गर्ने दिशामा सन्देश दिन राज्य सरकारले यस किसिमको कार्यक्रम तय गरेको हो भने यस दिन राज्यभरि नै ७ मिनटसम्म यान-वाहनहरूको चलाचल ठप्प गरिएको थियो। राजधानी गान्तोकमा ठीक ११ बजीदेखि यहाँका समस्त ट्राफिक पोइन्टहरूमा ट्राफिक पुलिसले यान वाहनहरूको चलाचल ठप्प पारेका थिए।

यो कार्यक्रममा मुख्यन्त्री लगायत सबै मन्त्रीगणले नै आप्नो सहभागिता जनाउनुभयो। ट्राफिक पुलिसहरू अनि वाहन चालकहरू साथै आम मानिसहरूले समेत यो कार्यक्रममा सहभागिता जनाएर पृथ्वी माताको लागि एकदिन कार्यक्रम सफल बनाए। यसरी नै दक्षिण जिल्ला मुख्यालय नाम्चीमा धरती माताको निम्ति एक दिन- कार्यक्रम पालन गरियो। यसावधि बिहान ११ बजीदेखि ११:०७ बजीसम्म वाहनहरूको आवत जावत पूर्णरूपमा बन्द गरिएको थियो। यस पहललाई दक्षिण ट्राफिक, पुलिस विभागसहित चालकहरू र स्थानीय मानिसहरूले पनि समर्थन गरेका थिए। यसो गर्नुको उद्देश्य वाहनका करण हावामा बढ्दो प्रदुषण कम गर्नु रहेको बताइएको छ।

# लोकसभा सांसद इन्द्रहाङ सुब्बाद्वारा निर्माणाधीन स्पोर्ट्स कम्प्लेक्सको भ्रमण

सिक्किम लोकसभा सांसद इन्द्रहाङ सुब्बा, देन्ताम क्षेत्र प्रभारी पूर्णहाङ सुब्बा, खेलकुद तथा युवा मामिला सचिव , देन्तामका खण्ड विकास अधिकारी, बीएलसीका सदस्य आदि सम्मिलित टोलीले पश्चिम सिक्किमको देन्तामस्थित निर्माणाधीन स्पोर्टस् कम्प्लेक्सको स्थालगत निरीक्षण भ्रमण गर्नुभयो।

श्री सुब्बाले ठेकादार र कार्यमा संलग्न अधिकारीहरूलाई गुणस्तरीय कार्यमा कुनै सम्झौता नगर्ने र निर्धारित समयमै कार्य समाप्त गर्न निर्देश दिनुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 10 .07. 2020